# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६१) काठमाडौं साउन २ गते, २०६८ साल (संख्या १४


## भाग ३

नेपाल सरकार

### कानून तथा न्याय मन्त्रालयको सूचना

**सरकारी वकील सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०६८**

सरकारी वकील सम्बन्धी नियमावली, २०५५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यी नियमहरुको नाम "सरकारी वकील सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०६८" रहेको छ ।

१४३


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को नियम २ मा संशोधन** : सरकारी वकील सम्बन्धी नियमावली, २०५५ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (क) पछि देहायका खण्ड (क१) र (क२) थपिएका छन् :-

"(क१) "विभाग" भन्नाले नियम ४ को उपनियम (१क) बमोजिमको विभाग सम्झनु पर्छ ।

(क२) "विभागको प्रमुख" भन्नाले सम्बन्धित विभागको प्रमुखको रुपमा काम गर्न तोकिएको नायब महान्यायाधिवक्ता सम्झनु पर्छ ।"

३. **मूल नियमावलीको नियम ३ मा संशोधन** : मूल नियमावलीको नियम ३ को उपनियम (३) मा रहेका "नेपाल अधिराज्यको संविधान, २०४७" भन्ने शब्दहरुको सट्टा "नेपालको अन्तरिम संविधान, २०६३" भन्ने शब्दहरु राखिएका छन् ।

४. **मूल नियमावलीको नियम ४ मा संशोधन** : मूल नियमावलीको नियम ४ को,-

(१) उपनियम (१) पछि देहायका उपनियम (१क), (१ख), (१ग), (१घ) र (१ङ) थपिएका छन्:-

"(१क) महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयको कामलाई सुव्यवस्थित रुपले सञ्चालन गर्नको लागि महान्यायाधिवक्ताको कार्यालयमा महान्यायाधिवक्ताले तोकेको संख्यामा विभागहरु रहने छन् ।

तर त्यस्तो विभागको संख्या चार भन्दा कम हुने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१ख) विभागको प्रमुखको रुपमा कार्य गर्न प्रत्येक विभागमा महान्यायाधिवक्ताले तोके बमोजिम एक एक जना विभागको प्रमुख रहनेछन् ।

(१ग) यस नियमावलीमा अन्यथा उल्लेख भएकोमा बाहेक विभागको प्रमुखको कार्य विभाजन महान्यायाधिवक्ताले तोके बमोजिम हुनेछ ।

(१घ) उपनियम (१ग) बमोजिम कार्य विभाजन गर्दा महान्यायाधिवक्ताले प्रत्येक विभाग अन्तर्गत कुन कुन सरकारी वकील कार्यालय रहने हो सो समेत तोक्नु पर्नेछ ।

(१ङ) विभाग अन्तर्गत विभिन्न महाशाखा र शाखाहरु रहनेछन् । ”

(२) उपनियम (४) र (५) को सट्टा देहायका उपनियम (४) र (५) राखिएका छन् :-

“(४) प्रत्येक जिल्ला अदालतको मुकाम रहेको स्थानमा जिल्ला सरकारी वकील कार्यालय रहनेछ ।

(५) सरकारी वकील कार्यालयमा आवश्यक संख्यामा कर्मचारीहरु रहनेछन् ।”

५. <u>मूल नियमावलीको नियम ५ मा संशोधन</u> : मूल नियमावलीको नियम ५ को सट्टा देहायको नियम ५ राखिएकोछ:-

“५. <u>नियुक्ति सरुवा, बढुवा र विभागीय कारबाही गर्ने अधिकार:</u> (१) महान्यायाधिवक्ताको कार्यालयका आफ्नो विभाग अर्न्तगतको राजपत्रअनंकित कर्मचारीहरुको नियुक्ति, बढुवा तथा विभागीय कारबाही गर्ने अधिकार सम्बन्धित विभागको प्रमुखलाई हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) पुनरावेदन सरकारी वकील कार्यालय र सो कार्यालयको प्रादेशिक अधिकार क्षेत्रभित्रका जिल्ला सरकारी वकील कार्यालयका राजपत्रअनंकित कर्मचारीहरुको नियुक्ति, बढुवा तथा विभागीय कारबाही तथा आफ्नो प्रादेशिक अधिकार क्षेत्रभित्रका सरकारी वकील कार्यालयमा सरुवा गर्ने अधिकार सम्बन्धित पुनरावेदन सरकारी वकील कार्यालयका सहन्यायाधिवक्तालाई हुनेछ।"

६. **मूल नियमावलीको नियम ६ मा संशोधन** : मूल नियमावलीको नियम ६ को,-

(१) उपनियम (१) मा रहेका "जुनसुकै कुरा लेखिएको भए तापनि" भन्ने शब्दहरु पछि "विभागको प्रमुखको पदमा र " भन्ने शब्दहरु थपिएका छन् ।

(२) उपनियम (२) मा रहेका "नायव महान्यायाधिवक्ताले" भन्ने शब्दहरुको सट्टा "सम्बन्धित विभागको प्रमुखले" भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपनियम (४) को सट्टा देहायको उपनियम (४) राखिएको छ :-

"(४) राजपत्रांङ्कित प्रथम श्रेणी वा सो भन्दामाथिका कर्मचारीलाई महान्यायाधिवक्ताले, सरकारी वकील कार्यालय बाहेक अन्य निकायमा कार्यरत राजपत्रांङ्कित द्धितीय श्रेणीसम्मका कर्मचारीलाई महान्यायाधिवक्ताले तोकेको विभागको प्रमुखले र महान्यायाधिवक्ता कार्यालयका राजपत्राङ्कित प्रथम श्रेणी भन्दा मुनीका कर्मचारीलाई सम्बन्धित विभागको प्रमुखले काज खटाउन सक्नेछ ।"

(४) उपनियम (५) मा रहेका "उपनियम (४) को अधीनमा र ही" भन्ने शब्दहरु झिकिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. **मूल नियमावलीको नियम ७ मा संशोधन :** मूल नियमावलीको नियम ७ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) विभागको प्रमुखको महान्यायाधिवक्ताले र महान्यायाधिवक्ताको कार्यालयका आफ्नो विभाग अन्तर्गतका कर्मचारी तथा पुनरावेदन सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ताको सम्बन्धित विभागको प्रमुखले विदा स्वीकृत गर्न सक्नेछ ।"

(२) उपनियम (५) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरुको सट्टा "अदालत" भन्ने शब्द राखिएको छ ।

८. **मूल नियमावलीको नियम ८ मा संशोधन :** मूल नियमावलीको नियम ८ को उपनियम (२) को खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छः-

"(ख१) आंशिक रुपमा मुद्दा अभियोजन गरे नगरेको र त्यसरी अभियोजन गरिएको भए सोको जानकारी पुनरावेदन सरकारी वकील कार्यालय र महान्यायाधिवक्ताको कार्यालयलाई दिए नदिएको,"

९. **मूल नियमावलीको नियम ९ मा संशोधन :** मूल नियमावलीको नियम ९ को,-

(१) उपनियम (५) मा रहेका "कानून तथा न्याय मन्त्रालय मार्फत नेपाल सरकारमा" भन्ने शब्दहरुको सट्टा "राष्ट्रपति समक्ष" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (६) को सट्टा देहायको उपनियम (६) राखिएको छः-

"(६) उपनियम (५) बमोजिम पेश गरिने वार्षिक प्रतिवेदनमा नेपालको अन्तरिम संविधान,२०६३ को धारा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३६ को उपधारा (२) मा उल्लिखित कुराका अतिरिक्त देहायका कुराहरु समेत उल्लेख गर्नु पर्नेछः-

(क) वर्ष भरीमा मुलुकभित्र भए घटेका अपराधको प्रकृति तथा अपराध र जनसङ्ख्याको तुलनात्मक स्थिति,

(ख) नेपाल सरकारलाई सरोकार पर्ने मुद्दाको सफलता वा असफलताको स्थिति,

(ग) महान्यायाधिवक्ताको कार्यालयलाई प्राप्त विनियोजित बजेट र साधनको व्यवस्था,

(घ) सरकार वादी भई चल्ने मुद्दामा देखिएका समस्या।"

१०. **मूल नियमावलीको नियम १० मा संशोधन** : मूल नियमावलीको नियम १० को,-

(१) नियम शीर्षक पछि "नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५ मा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त" भन्ने शब्दहरु थपिएका छन्।

(२) खण्ड (क) झिकिएको छ।

(३) खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छः-

"(छ) संवैधानिक निकाय, मन्त्रालय, सचिवालय, विभाग वा अन्य सरकारी कार्यालयबाट अदालतमा प्रस्तुत हुने लिखित जवाफ लगायतका कानूनी मस्यौदामा स्तरीयता ल्याउन त्यस्ता निकाय, मन्त्रालय, सचिवालय, विभाग वा कार्यालयलाई आवश्यक समन्वय र निर्देशन दिने।"

(४) खण्ड (छ) पछि देहायको खण्ड (छ१) थपिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(छ१) कारागारमा रहेका कैदीको मानवअधिकारको अवस्थाबारे अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने ।"

११. मूल नियमावलीको नियम १४ मा संशोधन : मूल नियमावलीको नियम १४ को खण्ड (ङ) पछि देहायका खण्ड (ङ१) र (ङ२) थपिएका छन् :-

"(ङ१) हिरासतमा रहेका व्यक्तिलाई मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजूरी परेमा वा सो विषयमा जुनसुकै तरिका वा माध्यमबाट जानकारी हुन आएमा आवश्यक छानबिन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने,

(ङ२) खण्ड (ङ१) बमोजिम छानबिन गरी निर्देशन दिएको विषयमा महान्यायाधिवक्ता समक्ष त्रैमासिक रुपमा प्रतिवेदन पेश गर्ने,"

१२. मूल नियमावलीको नियम १७ मा संशोधन : मूल नियमावलीको नियम १७ को उपनियम (३) मा रहेका "कुनै सरकारी वकील कार्यालयमा" भन्ने शब्दहरुको सट्टा "कुनै निकायमा कार्यरत" भन्ने शब्दहरु राखिएका छन् ।

१३. मूल नियमावलीको नियम १९ मा संशोधन : मूल नियमावलीको नियम १९ को सट्टा देहायको नियम १९ राखिएको छ:-

"१९. पुनरावेदन गर्नेसम्बन्धी कार्यविधि : (१) नेपाल सरकार वादी हुने मुद्दामा कुनै अदालत वा न्यायिक निकायबाट भएको फैसला उपर मिसिल संलग्न प्रमाणबाट पुनरावेदन



९५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्नु पर्ने देखिएमा त्यस्तो मुद्दा अभियोजन वा वहस पैरवी गर्न वा त्यस्तो फैसला उपर पुनरावेदन दायर गर्न तोकिएको सरकारी वकीलले पुनरावेदन मस्यौदा तयार गरी पुनरावेदन दायर गर्ने जिम्मेवारी भएको सरकारी वकील कार्यालयमा पुनरावेदन म्याद शुरु भएको दश दिनभित्र पठाई सक्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सरकारी वकीलबाट पुनरावेदन मस्यौदा प्राप्त भएपछि सम्बन्धित कार्यालयका सरकारी वकीलले प्राप्त मस्यौदा जाँचबुझ गरी नेपाल सरकारको तर्फबाट अदालतमा पुनरावेदन दायर गर्नु पर्नेछ ।"

१४. <u>मूल नियमावलीको नियम २१ मा संशोधन</u> : मूल नियमावलीको नियम २१ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) न्याय प्रशासन ऐन, २०४८ को दफा १२ बमोजिम कुनै मुद्दा दोहोऱ्याउन उपयुक्त छ भन्ने लागेमा त्यस्तो मुद्दामा पुनरावेदन दायर गर्न वा वहस पैरवी गर्न तोकिएको सरकारी वकीलले पुनरावेदन अदालतबाट फैसला वा अन्तिम आदेश भएको मितिले दश दिनभित्र मुद्दा दोहोऱ्याउने सम्बन्धी निवेदनको मस्यौदा तयार गरी महान्यायाधिवक्ता समक्ष पठाउनु पर्नेछ ।"

(२) उपनियम (२) मा रहेका "सम्बन्धित सरकारी वकीलले निवेदन मस्यौदा गरी कारण खुलाई" भन्ने शब्दहरुको सट्टा "त्यस्तो मुद्दामा पुनरावेदन दायर गर्न वा वहस पैरवी गर्न तोकिएको सरकारी वकीललाई निवेदन मस्यौदा तयार गर्न लगाई" भन्ने शब्दहरु राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. **मूल नियमावलीको नियम ३१ मा संशोधन** : मूल नियमावलीको नियम ३१ को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएकोछः-

"(२) नेपाल सरकारलाई सरोकार पर्ने मुद्दामा आवश्यक पर्ने निर्णय, मिसिल, फाइल वा कागजात सम्बन्धित सरकारी वकील कार्यालयबाट माग भएमा सम्बन्धित मन्त्रालय, सचिवालय, विभाग वा कार्यालयका कार्यालय प्रमुखले यथाशीघ्र त्यस्तो कार्यालयमा पठाउनु पर्नेछ ।"

१६. **मूल नियमावलीको नियम ३२ मा संशोधन** मूल नियमावलीको नियम ३२ को सट्टा देहायको नियम ३२ राखिएको छः–

"३२. **विभागीय कारबाही गर्न लेखी पठाउन सक्ने** : (१) सरकारी वकीलले देहायको अवस्थामा देहायका कर्मचारी वा अधिकारी उपर विभागीय कारबाहीको लागि महान्यायाधिवक्ता समक्ष लेखी पठाउन सक्नेछः-

(क) मुद्दाको सन्दर्भमा सम्बन्धित निकायलाई दिएको निर्देशन पालन नगरी वा यस नियमावली बमोजिम माग गरेको सहयोग प्रदान नगरेको कारण मुद्दाको अभियोजन, निर्णय वा बहस पैरवीमा प्रतिकूल असर परेमा सो निर्देशन पालना नगर्ने निकायको प्रमुख,

(ख) कुनै निर्णय, मिसिल, फाइल वा कागजात माग गर्दा समयमा नपठाइएको कारणबाट मुद्दामा असर पर्न गएमा त्यसरी निर्णय, मिसिल फाइल वा कागजात नपठाउने विभागीय प्रमुख, कार्यालय प्रमुख वा सम्बद्ध कर्मचारी,

(ग) मुद्दाको सिलसिलामा वा कानूनी रायको लागि प्राप्त भएका कागजात अध्ययन गर्दा कुनै निकायको प्रमुख



९५६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भई काम गर्ने अधिकारीले कानून उल्लङ्घन गरेको वा हेलचक्राई वा बदनियतसाथ काम गरेको कारणबाट नेपाल सरकारलाई हानी नोक्सानी पुगेको वा सार्वजनिक हितमा असर परेको वा सर्वसाधारणमा क्षति पुऱ्याउने वा हैरानी दिने काम गरेको देखेमा त्यस्तो निकायको प्रमुख भई काम गर्ने अधिकारी,

(घ)ऐनको अनुसूची बाहेकका नेपाल सरकार बादी हुने मुद्दामा सरकारी वकीलको निर्णयभन्दा फरक अभियोजन गरेमा त्यस्ता कर्मचारी ।

(२) उपनियम (१) बमोजिम सम्बन्धित सरकारी वकीलबाट लेखी आएको व्यहोरा आवश्यक जाँचबुझ गर्दा मनासिव लागेमा वा सरकारी वकीलबाट त्यसरी लेखी नआए पनि महान्यायाधिवक्तालाई कुनै स्रोतबाट विभागीय कारबाहीको लागि लेखी पठाउनु पर्ने लागेमा महान्यायाधिवक्ताले सम्बन्धित कर्मचारी वा अधिकारी उपर प्रचलित कानून बमोजिम विभागीय कारबाहीको लागि अख्तियारवाला समक्ष लेखी पठाउन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम लेखी आएमा सम्बन्धित अख्तियारवालाले त्यस्तो कर्मचारी वा अधिकारीलाई प्रचलित कानून बमोजिम विभागीय कारबाही गरी सोको जानकारी महान्यायाधिवक्तालाई गराउनु पर्नेछ ।"

१७. **मूल नियमावलीको नियम ३३ मा संशोधन** : मूल नियमावलीको नियम ३३ को उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छ :-

"(३) उपनियम (१) र (२) बमोजिम जानकारी नपठाउने सरकारी वकीललाई विभागीय कारबाही गरिनेछ ।"

१८. **मूल नियमावलीमा नियम ३४क. थप** : मूल नियमावलीको नियम ३४ पछि देहायको नियम ३४क. थपिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"३४क. राय माग गरिएको र राय दिइएको विषय गोप्य हुने : नियम ३४ बमोजिम सरकारी वकीलसंग राय माग गरिएको विषय र सरकारी वकीलले राय दिएको विषय गोप्य हुनेछ ।"

१९. मूल नियमावलीको नियम ३७ मा संशोधन : मूल नियमावलीको नियम ३७ मा रहेका "कानून व्यवसाय गर्न" भन्ने शब्दहरु पछि "त्यस्तो संगठित संस्थाको तर्फबाट वहस पैरवी गर्न," भन्ने शब्दहरु थपिएका छन् ।

२०. मूल नियमावलीको नियम ३८ मा संशोधन : मूल नियमावलीको नियम ३८ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) कर्मचारी प्रशासन सम्बन्धमा विभागीय प्रमुखले प्रयोग गर्ने अधिकार र प्रचलित आर्थिक कार्यविधि कानून बमोजिम नेपाल सरकारको सचिवलाई प्राप्त हुने अधिकार निजले गर्न पाउने हदसम्म महान्यायाधिवक्ताले तोकेको विभागको प्रमुखले प्रयोग गर्नेछ ।"

(२) उपनियम (४) को सट्टा देहायको उपनियम (४) राखिएकोछ :-

"(४) प्रचलित कानूनको अधीनमा रही महान्यायाधिवक्ता र विभागको प्रमुखले आफ्नो अधिकार मध्ये आवश्यकतानुसार केही अधिकार आफू मातहतको कर्मचारीले प्रयोग र पालन गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ ।"

२१. मूल नियमावलीमा नियम ३८क. थप : मूल नियमावलीको नियम ३८ पछि देहायको नियम ३८क. थपिएकोछ :–

"३८क व्यवस्थापन समितिः (१)महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयको संस्थागत



९४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सुदृढीकरण गर्ने काम समेतको लागि महान्यायाधिवक्ताको कार्यालयमा देहाय बमोजिमको एक व्यवस्थापन समिति रहनेछ :-

(क) महान्यायाधिवक्ता -अध्यक्ष

(ख) विभागका प्रमुखहरु -सदस्य

(ग) प्रशासन हेर्ने सहन्यायाधिवक्ता -सदस्य -सचिव

(२) व्यवस्थापन समितिको बैठक कम्तीमा महिनाको एकपटक बस्नेछ ।

(३) महान्यायाधिवक्ताको पद रिक्त भएको वा कुनै कारणले लामो समयसम्म महान्यायाधिवक्ता कार्यालयमा अनुपस्थित भएको अवस्थामा व्यवस्थापन समितिका अन्य सदस्यहरु मात्र उपस्थित भई व्यवस्थापन समितिको बैठक बस्न सक्नेछ ।

(४) व्यवस्थापन समितिले आफनो बैठकमा आवश्यकतानुसार कुनै विज्ञ वा कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ ।

(५) व्यवस्थापन समितिले बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।"

२२. <u>रुपान्तरः</u> मूल नियमावलीको ठाउँ ठाउँमा रहेका "नायव महान्यायाधिवक्ता" भन्ने शब्दहरुको सट्टा " सम्बन्धित विभागको प्रमुख" भन्ने शब्दहरु राखिएका छन् ।

आज्ञाले,
माधव पौडेल
नेपाल सरकारको सचिव



०३८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।